नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
## भूमि प्रशासन कार्यालय
गौशाला, महोत्तरी

वेबसाईट http://dolma.gov.np/office/gaushala
ईमेल: gaushala@dolma.gov.np
सम्पर्क नं.: ०४४५९०९९९

प.सं.: २०८३/०८४
च.नं.: ८५८

मिति: २०८३/०६/१४

श्री जिल्ला प्रशासन कार्यालय, जलेश्वर, महोत्तरी।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, जलेश्वर, महोत्तरी।
श्री जिल्ला समन्वय समिति, जलेश्वर , महोत्तरी।
श्री पूर्वाधार विकास कार्यालय, जलेश्वर, महोत्तरी।
श्री ईलाका प्रशासन कार्यालय, गौशाला, महोत्तरी।
श्री गौशाला नगरपालिका, गौशाला, महोत्तरी।
श्री औरही नगरपालिका, औरही, महोत्तरी।
श्री सोनमा गाउँपालिका, सोनमा, महोत्तरी।
श्री सम्सी गाउँपालिका, सम्सी, महपोत्तरी।
श्री ५ नं वडा कार्यालय, गौशाला नगरपालिका, गौशाला।
श्री लेखापढी व्यवसायी समिति, गौशाला, महोत्तरी ।

विषयः सूचना टाँस गरी जानकारी पठाईदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८३/०६/०९ गतेको निर्णय अनुसार यस कार्यालयको भवन सार्नुपर्ने भएकोले कार्यालय प्रयोजनका लागि भवन भाडामा लिने सात दिने सिलबन्दी प्रस्ताव सम्बन्धी सूचना तहाँ कार्यालयको सूचनापाटीमा टाँस र website मा समेत प्रकाशन गरी सो को जानकारी समेत उपलब्ध गराईदिनुहुन सूचना यसै पत्रसाथ संलग्नगरी पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

.................................
राजनकुमार बि.सी.
(कार्यालय प्रमुख)

बोधार्थः

भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाण्डौः सूचना website मा प्रकाशन गरिदिनुहुन ।

## कार्यालय प्रयोजनका लागि भवन भाडामा लिने सात दिने सिलबन्दी प्रस्ताव सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१४ गते

भूमि प्रशासन कार्यालय, गौशाला, महोत्तरीको कार्यालय सचालन तथा सेवा प्रवाहका लागि आवश्यक भवन भाडामा लिनुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम देहायको विवरण तथा शर्तहरूको अधीनमा रही इच्छुक घरधनीबाट ७ (सात) दिनभित्र सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

### आवश्यक घरजग्गाको विवरण, प्रकृति, क्षेत्रफल, अन्य विवरण

क. घरजग्गा रहेको स्थान र बाटोको सुविधाः भूमि प्रशासन कार्यालय, गौशाला, महोत्तरीबाट ५००–६०० मिटरको दूरीभित्र बजार क्षेत्रमा हुनु पर्नेछ र कम्तिमा २५ फिटको बाटो हुनुपर्नेछ।

ख. घर जग्गाको बनावट र क्षेत्रफलः घर पक्की निर्माण भएको हुनु पर्ने, कम्तिमा २ तल्लाको भाडाको लागि खाली हुनुपर्ने, कम्तिमा ११ फिट•१२ फिटको ७ वटा कोठा र कम्तिमा २० फिट•२० फिट को दुई वाट खुल्ला हल भएको हुनु पर्ने;

ग. भौतिक सुविधाः खानेपानी, विद्युत, टेलिफोन, इन्टरनेट, ईन्ट्रानेट जडान गर्न सकिने पूर्वाधार भएको, पार्किङ्गको सुविधा कम्तिमा ४० वटा दुई पाङ्ग्रे र कम्तिमा ३ वटा चारपाङ्ग्रे सवारी साधन अट्ने हुनु पर्ने, सार्वजनिक शौचालय कम्तिमा ५ वटा, तल्लो तलामा कम्तिमा १ वटा कोठा बैंकको लागि व्यवस्थापन गर्न सकिने साथै नागरिक कक्ष सहज रुपमा सञ्चालन गर्न सकिने स्पेस रहेको।

घ. घर जग्गाको परिसरः सुरक्षाको लागी पर्खाल भएको

**प्रस्तावमा खुलाउनुपर्ने विवरण**

- भवन रहेको स्थान तथा कार्यालयबाटको दूरी।
- भवनको कुल क्षेत्रफल तथा प्रत्येक फ्लोर/कोठा/हलको क्षेत्रफल।
- उपलब्ध पार्किङ क्षेत्रफल।
- मासिक प्रस्तावित भाडादर।
- खानेपानी, विद्युत, शौचालय, इन्टरनेट लगायतका उपलब्ध सुविधाहरू।
- भवनधनीको नाम, ठेगाना तथा सम्पर्क विवरण।

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरू**

- भवन/जग्गाको स्वामित्व खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- भवन/जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपी
- भवनधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- प्रस्तावित मासिक भाडादर सम्बन्धी विवरण।
- संयुक्त स्वामित्व भएमा सम्बन्धित सबै स्वामित्ववालाको मञ्जुरी/सहमतिको प्रमाण।
- अन्य आवश्यक तथा सम्बन्धित कागजातहरू।

**प्रस्ताव पेश गर्ने स्थान र समयः** भूमि प्रशासन कार्यालय, गौशाला, महोत्तरीमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयभित्र।

**अन्य शर्तहरुः**

- भवन कार्यालय प्रयोजनका लागि उपयुक्त, सुरक्षित तथा सेवा प्रवाह गर्न सहज हुनुपर्नेछ।
- घरभाडा निर्धाटरण समिति (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समिति)ले निर्धारण गरेको दररेटमा मात्र भाडामा लिईने ।
- प्रस्तावित भवनको स्थलगत निरीक्षण प्राविधिक टोलिबाट गरिनेछ।
- प्राप्त प्रस्तावहरूमध्ये प्रचलित कानून तथा तोकिएको मापदण्डबमोजिम उपयुक्त प्रस्ताव मात्र छनोट गरिनेछ।
- रीत नपुगेका, तोकिएको समयपछि प्राप्त भएका प्रस्तावहरू उपर कारबाही हुने छैन।
- प्रस्ताव स्वीकार/अस्वीकार गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ।
- घरभाडा मासिक रुपमा भुक्तानी हुने र भुक्तानी गर्दा प्रचलित कानुन बमोजिम १०% बहाल कर कट्टा गरी भुक्तानी गरिनेछ ।
- सिलबन्दी प्रस्ताव सूचना प्रकाशन भएको मितिले ८ औं दिनमा खोलिनेछ। उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिनमा प्रसताव खोलिनेछ।
- यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानूनबमोजिम हुनेछ।